रजिस्ट्री सं. डी.एल.-३३००४/९९ REGD. No. D.L. -33004/99

# भारत का राजपत्र
# The Gazette of India

सी.जी.-डी.एल.-अ-२६०६२०२०-२२०१९१
CG-DL-E-26062020-220191

**असाधारण**
EXTRAORDINARY

**भाग** II **- खण्ड** 3 **- उपखण्ड** (ii)
PART II - Section 3 - Sub-section (ii)

**प्राधिकारद्वारा प्रकाशित**
PUBLISHED BY AUTHORITY

| | | |
|---|---|---|
| **सं.** | **१८७५** | **नयाँ दिल्ली, शुक्रवार, जून २६, २०२०/आषाढ़ ५, १९४२** |
| No. | 1875 | NEW DELHI, FRIDAY, JUNE 26, 2020/ASADHA 5, 1942 |


## सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालय

## अधिसूचना

**नयाँ दिल्ली, २६ जून, २०२०**

**का.आ. २११९(अ)**– भारत सरकारले सूक्ष्म, लघु तथा मध्यम उद्यम विकास अधिनियम, २००६ (२००६ को २७) (जसलाई यहाँ यसपछि उक्त अधिनियम भनिएको छ) को धारा ७ को उप-धारा (९)-सित पठित उप-धारा (१) र धारा ८ को उप-धारा (३)-सित पठित उप-धारा (२)-द्वारा प्रदत्त शक्तिहरूको प्रयोग गर्दै अनि भारतको राजपत्र, असाधारण, भाग II, खण्ड ३, उप-खण्ड (ii) मा प्रकाशित भारत सरकारको सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालयको अधिसूचना सं. का.आ. १७०२(अ), तारीख १ जून, २०२०, का.आ. २०५२(अ), तारिक ३० जून, २०१७, का.आ. ३३२२(अ), तारिक १ नोभेम्बर, २०१३ अनि का.आ. १७२२(अ) तारिक ५ अक्टोबर, २००६ का ती सम्बन्धित कुराहरू बाहेकलाई यस्तो अधिक्रमणभन्दा पहिला गरिएको छ वा गर्नका लागि लोप गरिएको छ यस निमित्त सल्लाहकार समितिका सिफारिशहरूलाई अभिप्रेरित गरिएपछि १ जुलाई, २०२० देखि सूक्ष्म, लघु तथा मध्यम उद्यमका रूपमा वर्गीकरणका लागि कतिपय मानदण्ड अधिसूचित गर्दछ अनि ज्ञापन (जसलाई यो अधिसूचनामा यसपछि ''उद्यम रजिस्ट्रीकरण''भनियो) फाइल गर्ने प्रारूप र प्रक्रिया निर्दिष्ट गर्दछ, अर्थात्:-

१. **उद्यमहरूको वर्गीकरण** – उद्यमलाई निम्नलिखित मानदण्डहरूको आधारमा सूक्ष्म, लघु तथा मध्यम उद्यममा वर्गीकृत गरिनेछ, अर्थात्:-

(i) यस्तो सूक्ष्म उद्यम, जहाँ संयन्त्र तथा मशिनरी वा उपकरणमा निवेश एक करोड़ रुपियाँभन्दा अधिक छैन अनि कारोबार पाँच करोड़ रुपियाँभन्दा अधिक छैन;

(ii) यस्तो लघु उद्यम, जहाँ संयन्त्र तथा मशिनरी वा उपकरणमा निवेश दस करोड़ रुपियाँभन्दा अधिक छैन अनि कारोबार पचास करोड़ रुपियाँभन्दा अधिक छैन; अनि

(iii) यस्तो मध्यम उद्यम, जहाँ संयन्त्र तथा मशिनरी वा उपकरणमा निवेश पचास करोड़ रुपियाँभन्दा अधिक छैन अनि कारोबार दुई सय पचास करोड़ रुपियाँभन्दा अधिक छैन।

**२. सूक्ष्म, लघु वा मध्यम उद्यम अन्तर्गत सामेल हुनु–**

(१) सूक्ष्म, लघु वा मध्यम उद्यम स्थापना गर्न इच्छा राख्ने कुनै पनि व्यक्तिले स्व–घोषणाको आधारमा उद्यम रजिस्ट्रीकरण पोर्टलमा अनलाइन उद्यम रजिस्ट्रीकरणका लागि आवेदन गर्न सक्नेछन्, जसमा दस्तावेज, कागजात, प्रमाणपत्रहरू वा प्रमाणलाई अपलोड गर्नुपर्ने कुनै आवश्यकता छैन।

(२) रजिस्ट्रीकरणको समय उद्यम (जसलाई उद्यम रजिस्ट्रीकरण पोर्टलमा ''उद्यम'' भनिएको छ)–लाई ''उद्यम रजिस्ट्रीकरण संख्या''–को रूपमा ज्ञात एक स्थायी पहिचान संख्या दिइनेछ।

(३) रजिस्ट्रीकरण प्रक्रिया पूरा भएमा ''उद्यम रजिस्ट्रीकरण प्रमाण पत्र'' अर्थात् ई–प्रमाणपत्र जारी गरिनेछ।

**३. वर्गीकरणका लागि निवेश तथा कारोबार सम्बन्धमा समग्र मापदण्ड–**

(१) कुनै उद्यमलाई सूक्ष्म, लघु वा मध्यम उद्यमको रूपमा वर्गीकरणका लागि निवेश वा कारोबारको एक समग्र मापदण्ड लागू हुनेछ।

(२) यदि कुनै उद्यमले आफ्नो वर्तमान श्रेणीका लागि निवेश वा कारोबारका दुवै मानदण्ड मध्ये कुनै अधिनियम सीमा पार गर्दछ भने सो यस श्रेणीमा अस्तित्वहीन हुनेछ तथा त्यसलाई अघिल्लो उच्चतर श्रेणीमा राखिनेछ, तर कुनै पनि उद्यमलाई तबसम्म निम्नस्तर श्रेणीमा राखिँदैन जबसम्म सो निवेश तथा कारोबारका दुवै मापदण्डमा आफ्नो वर्तमान श्रेणीका लागि निर्दिष्ट अधिकतम सीमाभन्दा तल जाँदैन।

(३) वस्तु तथा सेवा कर पहिचान संख्या (जीएसटीआईएन) सहित स्थायी खाता संख्या (पैन)–का लागि सूचीबद्ध गरिएका सबै एकाइहरूलाई सामूहिक रूपमा एक उद्यमका रूपमा मानिनेछ अनि यस्ता सबै एकाइहरूको निवेश र कारोबार सम्बन्धी आँकडाहरूमा सामूहिक रूपले ध्यान दिइनेछ तथा सूक्ष्म, लघु तथा मध्यम उद्यमका रूपमा श्रेणीको निर्दिष्ट गर्नका लागि केवल कुल मूल्यमाथि विचार गरिनेछ।

**४. संयन्त्र तथा मशिनरी वा उपकरणमा निवेशको गणना–**

(१) संयन्त्र तथा मशिनरी वा उपकरणमा निवेशको गणनालाई आयकर अधिनियम, १९६१ अन्तर्गत फाइल गरिएका अघिल्ला वर्षहरूको आयकर रिटर्न (आईटीआर)–सित जोड़िनेछ।

(२) नयाँ उद्यमको अवस्थामा जहाँ कुनै अघिल्लो आईटीआर उपलब्ध छैन भने सो उद्यमको प्रमोटर (संप्रवर्तक)–को स्व–घोषणाको आधारमा निवेश गरिनेछ अनि यस्तो छुट त्यस वित्त वर्षमा ३१ मार्चपछि समाप्त हुनेछ, जसमा सम्बन्धित उद्यमले आफ्नो पहिलो आईटीआर फाइल गर्दछ।

(३) उद्यमको ''संयन्त्र तथा मशिनरी वा उपकरण''–को सोही अर्थ हुनेछ जो आयकर अधिनियम, १९६१ अन्तर्गत विरचित आयकर नियम, १९६२ मा संयन्त्र तथा मशिनरीमा रहेको छ अनि यसमा सबै मूर्त सम्पत्ति (भूमि तथा भवन, फर्निचर र फिटिङभन्दा भिन्न) सामेल हुनेछन्।

(४) यदि उद्यम बिना कुनै आईटीआरको नयाँ छ भने संयन्त्र तथा मशिनरी वा उपकरणको खरिद (इन्वोइस) मूल्य, चाहे पहिलोचोटि वा दोस्रोचोटि खरिद गरिएको भए पनि वस्तु एवं सेवा कर (जीएसटी)–लाई छोड़ेर स्व–प्रकटीकरणको आधारमा हिसाबमा लिइनेछ।

(५) अधिनियमको धारा ७ को उप–धारा (१)–को स्पष्टीकरण I मा निर्दिष्ट केही वस्तुहरूको लागतलाई संयन्त्र तथा

मशिनरीमा निवेश गरिएको राशिको गणनादेखि बाहिर राखिनेछ।

**५. कारोबारको गणना–**

(१) वर्गीकरणको प्रयोजनका लागि कुनै उद्यम, चाहे त्यो सूक्ष्म, लघु वा मध्यम भए पनि त्यसको कारोबारको गणना गरेको समयमा वस्तु वा सेवाहरू वा दुवैको निर्यातलाई बाहिर राखिनेछ।

(२) उद्यमका लागि कारोबार र निर्यात कारोबारको सम्बन्धमा जानकारी आयकर अधिनियम वा केन्द्रीय वस्तु एवं सेवा अधिनियम (सीजीएसटी अधिनियम) र जीएसटीआईएनसित सम्बद्ध हुनेछ।

(३) पैन नभएको यस्तो उद्यमको कारोबार सम्बन्धी आँकड़ा ३१ मार्च, २०२१ सम्मको अवधिसम्मका लागि स्व–घोषणाको आधारमा मानिनेछ अनि त्यसपछि भने पैन र जीएटीआईएन अनिवार्य हुनेछ।

**६. रजिस्ट्रीकरण प्रक्रिया–**

(१) उद्यम रजिस्ट्रीकरण पोर्टलमा रजिस्ट्रीकरणका लागि प्रारूप उपलब्ध गराइनेछ।

(२) उद्यम रजिस्ट्रीकरण फाइल गर्नका लागि कुनै शुल्क लाग्नेछैन।

(३) उद्यम रजिस्ट्रीकरणका लागि आधार संख्या अपेक्षित हुनेछ।

(४) आधार संख्या स्वामित्व फर्मको मामिलामा स्वामित्वधारीको हुनेछ, भागीदारी फर्मको मामिलामा प्रबन्धक भागीदारको अनि हिन्दू अभिभक्त कुटुम्ब (एचयूएफ)–को मामिलामा कर्ताको हुनेछ।

(५) कम्पनी वा सीमित देयता भागीदारी वा कुनै सहकारी समिति वा सोसाइटी वा ट्रस्टको मामिलामा संगठन वा तिनका प्राधिकृत हस्ताक्षरकर्ताले आफ्नो संख्यासहित आफ्नो जीएसटीआईएन र पैन उपलब्ध गराउनुपर्नेछ।

(६) यदि कुनै उद्यम पैनसहित उद्यमका रूपमा सही रूपले रजिस्ट्रीकृत छ भने आफूसित पैन नभएका अघिल्ला वर्षहरूको कुनै पनि जानकारीलाई स्व–घोषणाको आधारमा भरिनेछ।

(७) कुनै पनि उद्यमले एकभन्दा अधिक उद्यम रजिस्ट्रीकरण फाइल गर्नेछैन:
परन्तु विनिर्माण वा सेवा वा दुवै प्रकारका गतिविधिहरूलाई भने एक उद्यमले रजिस्ट्रीकरणमा निर्दिष्ट गरेको वा जोड़ेको हुनुपर्छ।

(८) यदि कसैले जानी–बुझी गलत जानकारी दिन्छन् वा उद्यम रजिस्ट्रीकरण वा उन्नयन प्रक्रियामा देखाइने स्व–घोषित तथ्य तथा आँकडाहरूलाई लुकाउने प्रयास गर्दछन् भने तिनी यो अधिनियमको धारा २७ अन्तर्गत निर्दिष्ट दण्डका लागि पात्र हुनेछन्।

**७. विद्यमान उद्यमहरूको रजिस्ट्रीकरण–**

(१) ईएम–भाग–II वा यूएएम अन्तर्गत रजिस्ट्रीकृत सबै विद्यमान उद्यमले १ जुलाई, २०२० मा वा यसभन्दा पछि उद्यम रजिस्ट्रीकरण पोर्टलमा फेरि रजिस्ट्रीकरण गर्नुपर्नेछ।

(२) ३० जून, २०२० सम्म रजिस्ट्रीकृत सबै उद्यमहरूलाई यो अधिसूचना अनुसार फेरि वर्गीकृत गरिनेछ।

(३) ३० जून, २०२० भन्दा पहिला रजिस्ट्रीकृत विद्यमान उद्यम केवल ३१ मार्च, २०२१ सम्मको अवधिका लागि वैध हुनेछन्।

(४) सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालय अधीनस्थ कुनै अन्य संगठनसहित रजिस्ट्रीकृत उद्यमले उद्यम रजिस्ट्रीकरण अन्तर्गत स्वयंलाई रजिस्ट्रीकृत गर्नुपर्नेछ।

**८. सूचनाको अद्यतन तथा वर्गीकरणमा संक्रमण अवधि–**

(१) उद्यम रजिस्ट्रीकरण संख्या भएको कुनै उद्यम पूर्ववर्ती वर्षका लागि आईटीआर र जीएसटी रिटर्नको विवरणसहित उद्यम रजिस्ट्रीकरण पोर्टलमा अनलाइनमार्फत् अपेक्षित आफ्नो सूचना तथा यस्ता अन्य अतिरिक्त सूचना स्व–घोषणाको आधारमा अद्यतन गर्नेछ।

(२) अनलाइन उद्यम रजिस्ट्रीकरण पोर्टलमा निर्दिष्ट अवधिभित्र प्रासंगिक जानकारी अद्यतन गर्नमा विफल भएमा त्यसको स्तर रद्द हुनुमा उद्यम स्वयं जिम्मेवार हुनेछ।

(३) प्रदान गरिएको जानकारी वा आईटीआर वा जीएसटी रिटर्नसहित सरकारी स्रोतहरूबाट प्राप्त गरिएको जानकारीको आधारमा उद्यमको वर्गीकरणलाई अद्यतन गरिनेछ।

(४) कुनै उद्यमको क्रमिक वृद्धि (निम्नतरदेखि उच्चतर श्रेणीमा) अथवा क्रमिक ह्रास (निम्नतर श्रेणीतर्फ अग्रसर हुनु)–को स्थितिमा उद्यमलाई उसकै स्थितिमा हुने परिवर्तनको बारेमा सूचित गरिनेछ।

(५) संयन्त्र तथा मशिनरी वा उपकरणमा निवेश वा कारोबार अथवा दुवैमा उच्चतर परिवर्तन तथा परिणामस्वरूप पुन: वर्गीकरणको स्थितिमा उद्यमले रजिस्ट्रीकरणको वर्ष समाप्त भएदेखि लिएर एक वर्षको समाप्तिसम्म आफ्नो वर्तमान स्तरलाई यथावत राख्नेछ।

(६) कुनै उद्यमको क्रमिक ह्रासको स्थितिमा, चाहे त्यो पुनः वर्गीकरणको परिणामस्वरूप होस् वा संयन्त्र तथा मशिनरी अथवा उपकरणमा निवेश वा कारोबारमा वास्तविक परिवर्तन अथवा दुवैको कारण भएको होस् तथा चाहे उद्यम अधिनियमअन्तर्गत रजिस्ट्रीकृत होस् अथवा नहोस्, उद्यम वित्तीय वर्षको समाप्तिसम्म आफ्नो वर्तमान श्रेणीमा बनिरहनेछ तथा त्यसलाई यस्तो परिवर्तन भएको वर्षपछिको वित्तीय वर्षको १ अप्रेलदेखि परिवर्तित स्तरको लाभ प्रदान गरिनेछ।

**९. उद्यमहरूको सुविधा र तिनका शिकायतहरूको निवारण–**

(१) विभिन्न संस्था र विकास संस्थानहरू (एमएसएमईडीआई) सहित सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालयका विभिन्न संस्थान तथा कार्यालयहरूमा कार्यरत च्याम्पियन कन्ट्रोल रूम रजिस्ट्रीकरणको प्रक्रियालाई सुविधाजनक बनाउने अनि सूक्ष्म, लघु तथा मध्यम उद्यमहरूलाई अघि सुगमतापूर्वक सबै प्रकारका सम्भव सहायता उपलब्ध गराउनका लागि एकल खिड्की प्रणालीको रूपमा कार्य गरिनेछ।

(२) जिल्ला उद्योग केन्द्र (डीआईसी)–ले पनि आ–आफ्नो जिल्लामा एकल खिड्की सुविधा प्रणालीका रूपमा कार्य गर्नेछ।

(३) यदि कुनै व्यक्तिले कुनै कारणवश आधार संख्या नभएको कारण उद्यम रजिस्ट्रीकरण फाइल गर्न पाएका छैनन् भने तिनले आफ्नो आधार संख्या नामांकन पहिचान पर्ची अथवा आधार नामांकनको अनुरोधको प्रतिलिपि अथवा ब्यांकको फोटोयुक्त पासबुक अथवा मतदाता पहिचान पत्र अथवा पासपोर्ट अथवा ड्राइभिङ लाइसेन्समध्ये कुनै पनि एउटालाई लिएर उपर्युक्त कुनै पनि एकल खिड्की प्रणालीबाट उद्यम रजिस्ट्रीकरणका लागि सम्पर्क गर्न सक्नेछन् तथा प्रक्रिया भएको एकल खिड्की प्रणालीले आफ्नो आधार संख्या प्राप्त गर्नमा सहायता गर्नेछ अनि त्यसपछि उद्यम रजिस्ट्रीकरणको अघिल्लो प्रक्रियामा पनि सहायता गर्नेछ।

(४) कुनै पनि त्रुटि अथवा शिकायतको मामिला सम्बन्धित जिल्लाको जिल्ला उद्योग केन्द्रका महाप्रबन्धक उद्यमद्वारा दिएको उद्यम रजिस्ट्रीकरणको विवरणको सत्यापन सम्बन्धमा जाँच गर्नेछन् अनि त्यसपछि आफ्नो आवश्यक टिप्पणीसहित मामिलालाई सम्बन्धित राज्य सरकारका निदेशक अथवा आयुक्त अथवा उद्योग सचिवलाई पठाउनेछन्, जो उद्यमलाई नोटिस जारी गर्न अनि तिनलाई मामिला प्रस्तुत गर्ने अवसर प्रदान गर्नेछन् तथा जाँचको आधारमा विवरणमा संशोधन गर्न सक्नेछन् अथवा सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्रालयसमक्ष उद्यम रजिस्ट्रीकरण प्रमाण पत्र निरस्त गर्ने सिफारिश गर्न सक्नेछन्।

फा. सं. २१(५)/२०१९–पीएण्डजी/पोलिसी(पार्ट–IV)

ए. के. शर्मा, सचिव